# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
अत्तरिया,कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**डोजर (ब्याक हो लोडर) भाडामा लिने सम्बन्धि सूचना !!**

(दोश्रो पटक सूचना प्रकाशन मितिः २०८२।०७।१२)

यस गोदावरी नगरपालिका **वडा नं ०४ बेल्पनी-पट्रेनी —फुलबस्ति** सडकमा बर्षातको कारण पहिरो गई अवरोध भएका सडकहरुमा थुप्रिएका माटो तथा ढुंगाहरु सफा गर्न तथा सडकमा भएका खाल्टाखुल्टी पुर्ने, सम्याउने कार्य गर्नका लागि डोजर (ब्याक हो लोडर) भाडामा लिनुपर्ने भएकोले इच्छुक फर्म वा निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक तपसिलका कागजपत्रहरु संलग्न गरी सिलबन्दी दररेट पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

तपशिलः

१. दोश्रो पटक सूचना प्रकाशन भएको मितिले ३ (तिन) दिन भित्र वा मिति २०८२।०७।१४ गते कार्यालय समयमा भित्र सम्बन्धित निर्माण व्यवसायीले आफ्नो कागजातको प्रमाणित प्रतिलिपी संलग्न राखी यस कार्यालयबाट फिर्ता नहुने गरी यस कार्यालयको एन.आई.सी.एशिया बैंक, अत्तरिया शाखा कार्यालयमा रहेको आन्तरिक राजश्व खाता नं. ०७१२०५१४९८६२२०११ मा रु. १०००/- (एक हजार) दाखिला गरेको सक्कल भौचर सहित सिलबन्दी दररेट फारम खरिद गर्न सकिनेछ ।

२. इच्छुक फर्म वा निर्माण व्यवसायीले उक्त सिलबन्दी दररेट फारम मिति २०८२।०७।१४ गते बिहान १२:०० बजे भित्र नगरपालिकामा दर्ता गरिसक्न पर्नेछ । उक्त सिलबन्दी दररेट फारम सोहि दिन दिउसो १:०० बजे गोदावरी नगरपालिकाको कार्यालयमा खोलिनेछ । सिलबन्दी दररेट पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न भएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. डोजरको इन्धन, मर्मत खर्च, सुरक्षा, चालक र सहयोगी खर्च स्वयं डोजर धनीले व्यहोर्नुपर्नेछ । दररेट उल्लेख गर्दा अनिर्वाय रुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । अंक प्रष्ट नभएमा अक्षरमा खलाइएको दररेटलाई मान्यता दिइने छ ।

४ .एक पटक पेश भएको सिलबन्दी दररेट फिर्ता वा संशोधन गर्न सकिने छैन ।

५ .सिलबन्दी दररेट स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकारयस कार्यालयमा निहित हुनेछ ।

२०८२/०७/१२
धर्मराज बिनाडी
प्रमुख प्रशासकीय अधिकृत

# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरिया,कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

६. प्राविधिक को निगरानीमा प्रत्येक दिन लगबुक प्रमाणित गरि डोजरको भाडा प्रतिघण्टा कार्य गर्नभन्दा अगाडी र कार्य सम्पन्न फोटाहरु प्राप्त भए पश्चात सो को आधारमा भुक्तानी हुनेछ र कारोबारमा हुने करको दायित्व सम्बन्धित फर्मवा निर्माण व्यवसायीको हुनेछ।

७.माथि उल्लेख भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

८. सिलबन्दी दरभाउपत्र यस कार्यालयको **वेभसाईट : www.godawarimunkailali.gov.np** वाट डाउनलोड गरि पेश गर्न सकिनेछ ।

**दरभाउपत्रका साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणप्रत्रको प्रतिलिपी,
२. चालकको नागरिकता प्रमाण पत्र र चालक अनुमतिपत्रको प्रतिलिपि,
३. डोजर नवीकरण भएको ब्लुबुक तथा प्रमाणित कागजातहरुको प्रतिलिपि,
४. रु १००० तिरेको राजस्वको सक्कल प्रति

धर्मराज बिनाडी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**फोन नं. ०९१-५०८०००/८००१/८००२/८००३**
**ई-मेल** : info@godawarimunkailali.gov.np **वेभसाईट : www.godawarimunkailali.gov.np**
"आत्मनिर्भर सुन्दर समृद्ध गोदावरी"

# Godawari Municipality
## Office of Municipal Executive
## Sudarpachhim Province , Attariya, Kailali

Project Name:- Road clearence at Belpani -Patreni-Fulbasti section.
Name of Work:-Road upgrading
Location:- Godawari Municipality -4.

FY:- 2082/83

Bill of Quantity (BOQ )

| S.N | Detail of Work | Unit | Rate (NRs) in Figure | Rate (NRs) In Words | Amount |
|---|---|---|---|---|---|
| 1 | Backhoe Loader Hire For Road clearence/upgrading at Belpani -Patreni-Fulbasti section. | Hr | | | |
| Sub-Total Amount with out Vat | | | | | |
| Vat@13% | | | | | |
| Grand Total Amount With Vat | | | | | |

In Words:-……………………………………………………………………………………………………..

**On behalf of contractor**

Contractor's Signature :
Firm :
Seal :
Contractor's Name :
Permanent Address :
Phone :
Date :